**वैठक संख्या:-१२६**

आज मिति २०८२/२/६ गते मङ्गबार विहान ठिक ९:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको वमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ~~दिपक गुरुङ~~ रियाज खान का.वा. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री पुनाराम पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १ | श्री रसिद खाँ | सल्लाहकार | |
| २ | श्री विनोद कुँवर | अधिकृत | |
| ३ | राजेश कु. क्षेत्री | [illegible] वरिष्ठ प्रशासन सहायक | |
| ४ | शची चौधरी | का. प | |
| ५ | मोहम्मद रफी धुनिया | | |

## मिति २०८२/२/६ गतेको कार्य पालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १२६ बैठकका प्रस्तावहरु

१. आय ठेक्का व्यवस्थापन सम्बन्धमा ।

२. विविध ।

### निर्णयहरु

१. मिति २०८२/१/९ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. बाणगंगा खोला अन्तर्गत ठे.नं.KM/०८१/०८२-१९ को जलैया नाकाबाट ६,४९,१५२.०० घन फीट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा घाट गद्दी गरि बिक्री बितरणको लागि कार्यालयबाट मिति २०८१/११/१४ गते सुचना प्रकाशन भएकोमा पेश हुन आएको आएका ६(छ) जना बोलपत्रदाताहरु मध्ये पहिलो र दोश्रो बोलपत्रदाताहरु सम्झौताको लागि नआएको हुँदा तेश्रो क्रम अनुसारको बोलपत्रदाता श्री कस्तुरी निर्माण सेवा कपिलवस्तु न.पा.-२ कपिलवस्तुले उल्लेखित परिमाण ४१(एकचालीस) दिन भित्र उत्खनन,संकलन गर्न नसकिने भनी निबेदन पेश गरेको अवस्थालाई बिचार गर्दा यस नगरपालिकाबाट स्वीकृत प्रारम्भिक बाताबरणिय प्रतिबेदन (IEE) मा एक दिनमा ३००(तीन सय) ~~ट्राली~~ घन मिटर भन्दा बढी परिमाण उत्खनन संकलन गर्न नमिल्ने देखिदा उक्त अवधि भित्र उल्लेखित परिमाण उत्खनन संकलन गर्न सक्ने सम्भावना नरहेको हुँदा उक्त ठेक्का प्रक्रिया रद्द गर्ने र कपिलवस्तु नगरपालिकाको खरिद नियमावलि २०७६ परिच्छेद १२ दफा १४२ को उप-दफा (५) बमोजिम उक्त नाकाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा घाट गद्दी गरि बिक्री बितरण एंव अन्य आवश्यक कामकारबाहीको लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. श्री दिपक गुरुङ्ग | वडा अध्यक्ष क.व.न.पा.९ | संयोजक |
| २. श्री रामजित कुर्मी | वडा अध्यक्ष क.व.न.पा.६ | सदस्य |
| ३. श्री मोहम्मद जाहीद खाँ | वडा अध्यक्ष क.व.न.पा.१ | सदस्य |
| ४. श्री अशोक गुप्ता | वडा अध्यक्ष क.व.न.पा.२ | सदस्य |
| ५. श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष क.व.न.पा.३ | सदस्य |
| ६. श्री राजेश कुमार शैनी | ईन्जिनियर | सदस्य |
| ७. श्री विनोद कुँवर | प्रशासकीय अधिकृत | सदस्य |
| ८. श्री नारायण रेग्मि | वरिष्ठ प्रशासन सहायक | सदस्य-सचिव |

### विविधः-

१. यस कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको दमकल शाखामा कार्यरत राष्ट्र सेवक कर्मचारी श्री चन्द्रमणि पोखरेल कार्यालयको कामकाज गर्ने क्रममा कपिलवस्तु नगरपालिका वडा नं. ५ मा दुर्घटनमा परि घाइते भएको हुँदा निजको उपचारमा लागेको खर्च निज निवेदकले पेश गरेको विल भपाईको आधारमा रु ३८,८१८।- (अठ्तीस हजार आठ सय अठार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

२. यस कपिलवस्तु नगरपालिका र सुरक्षित आप्रवासन कार्यक्रम (SaMI) को सहकार्यमा संचालित सुरक्षित आप्रवासन कार्यक्रममा कार्यरत रिर्टनी स्वंयसेवक कर्मचारीहरुको पारिश्रमिक नेपाल सरकारले तोके बमोजिम उपलव्ध गराउने ।

३. कपिलवस्तु नगरपालिका र दलित सामाजिक विकास केन्द्र क.ब.न.पा.५को सहकार्यमा स्थानीय बिपद व्यवस्थापन तथा जलवायु उत्थानशिल कार्यढाँचा निर्माण गर्न तपसिल बमोजिमका पदाधिकारीहरु सहितको निर्माण कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. श्री पुनाराम पौडल | संयोजक |
| २. ईन्द्रमणी कुर्मी | सदस्य |
| ३. विनोद कुँवर | सदस्य |
| ४. शची चौधरी | सदस्य सचिव |

४. यस कपिलवस्तु नगरपालिका नगरकार्यपालकाको कार्यलयलाई बुद्धिष्ट चु जि च्यारिटी फाउन्डेशन द्वारा हस्तान्तरीत सामुदायिक मोवाइल भ्यान संचालन गर्न आवश्यक कर्मचारीहरुको दरवन्दि नरहेकको र तत्काल सेवा संचालन गर्नु पर्न भएकोले आगामि नगरसभावाट दरवन्दि कार्यम हुने गरि सेवा करार प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

५. यस कपिलवस्तु नगरपालिकामा रहेको भूमिहिन दलित, भूमिहिन सुकुम्वासि र अव्यस्थित बसोबासीहरुलाई जग्गा प्राप्ति गर्न विभिन्न वडाहरुमा तत्कालिन भूमि समस्या समाधान आयोगले गरेको कार्यहरु एंव सबै प्रकारका अधुरा काम अगाडि बढाउन सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

६. यस कपिलवस्तु नगरपालिकामा रहेको वाणगंगा नदिको नदीजन्य पदार्थ उत्खनन एंव गाटगद्दि गर्न नापजाँच समितिमा सम्वन्धि वडाको वडा अध्यक्ष समेत समावेश गर्ने

७. यस कपिलवस्तु नगरकार्यपालिकाको कार्यलय कपिलवस्तुको पशु सेवा शाखामा कार्यरत राष्ट्रसेवक कर्मचारी श्री डा.गार्जेस यादवको गत आ.व २०८०/०८१ को पारिश्रमिक वापत एक महिना रु ४३,६८९।-पोशाक भत्ता रु १०,०००।- र चालु आ.व.२०८१/०८२ नपुग बजेट ५३,६२९।- गरि कुल १,०७,३७८।- अपुग रकम न.पा.आन्तरिक श्रोतबाट भुक्तानी गर्ने निर्णय गरियो ।

८. कपिलवस्तु नगरपालिका वडा नं.११ जहदी चोक देखि दुवै तर्फ नालि निर्माण कार्य भइरहेकोमा स्थानीय वासिन्दाको असहयोगले निर्माण कार्य रोकिने हुँदा उक्त निर्माण कार्यको निरन्तरताको लागि आवश्यक सहयोगको लागि जिल्ला प्रशासन कार्यालय जिल्ला प्रहरि कार्यालय एंव अन्य सम्बन्धित सरोकारवालाहरुलाई आवश्यक सहजिकरणको लागि पत्राचार गर्ने निर्णय गरियो ।

९. यस कपिलवस्तु नगरपालिकाको लागि वर्षायामलाई मध्यनगर गरि नगरपालिका सँग रहेको जे.सि.भि.संचालन नरहेकोले मर्मत सम्भार नहुन्जेल सम्म २ दुई महिनाको लागि जे.सि.भि.भाडामा लिने निर्णय गरियो ।

१०. कपिलवस्तु नगरपालिका वडा नं.८ को मिति २०८२/२/५ गते प.स.नं.१५३४ पत्रानुसार उक्त वडाको स्थायी वासिन्दा श्री जंगली थारुलाई अचानक चोटपटक लागि घाइते हुनुभएको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएकोले निजको उपचारको लागि पेश भएको विल भर्पाइको आधारमा रु २0000 अक्षेरुपि बिस हजार मात्र उपलव्ध गराउने निर्णय गरियो ।